नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
**कोष तथा लेखा नियन्त्रक कार्यालय**
**तौलिहवा, कपिलवस्तु**

फोन नं.-०७६-५६११११४
इमेल:-kapilvastu.dtco@fcgo.gov.np

पत्र संख्या:-
च.नं.:-३९९

मिति २०८३।०३।०३

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
तौलिहवा, कपिलवस्तु

बिषय :- निकाशा भुक्तानी सम्बन्धमा ।

श्री संघीय कार्यालय (सबै)
श्री प्रदेश कार्यालय (सबै)
कपिलवस्तु ।

प्रस्तुत बिषयमा महालेखा नियन्त्रक कार्यालय, कोष व्यवस्थापन शाखाको चलानी नं.१३२६ मिति २०८३।०३।०२को पत्रको प्रतिलिपि यसैसाथ संलग्न छ ।

व्यहोरा सोहि पत्रबाट अवगत गर्नुभई पत्रमा उल्लेख भए अनुसार निकाशा भुक्तानी प्रबन्ध गर्नु गराउनुहुन अनुरोध छ ।

३/३

(खगेन्द्र प्रसाद अर्याल)
प्रमुख कोष नियन्त्रक

प्रमुख कोष नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
## कोष व्यवस्थापन शाखा
अनामनगर, काठमाडौं

को.ले.नि.का.
कपिलवस्तु
दर्ता नं. ३२२
दर्ता मिति २०८२।०३।०३

प.सं. :- ०८२/८३
च.नं. :- १३२६

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

मिति :- वि.सं. २०८३/०३/०२
ने.स. :- ११४६ तछलाथ्व,१ मङ्गलवार

विषयः निकासा भुक्तानी सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय , सबै ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै ।

उपर्युक्त सम्बन्धमा चालु आर्थिक वर्ष २०८२/०८३ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा देहायबमोजिम कार्य गर्नु/गराउनुहुन यस कार्यालयको मिति २०८३/०३/०१ को निर्णयानुसार अनुरोध छः

### १. भुक्तानी प्रणाली बन्द गर्ने सम्बन्धी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१) बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी निकास बन्द गर्नुपर्ने व्यहोरा अवगतनै छ । संघीय कार्यालयहरूको हकमा सोही नियमको उपनियम (१) र (२) बमोजिम र प्रदेश र स्थानीय तहको हकमा उपनियम (७) बमोजिम भुक्तानी निकासा वन्द हुने र सो प्रयोजनको लागि प्रणालीहरु समेत बन्द रहने हुँदा सोही बमोजिम निकासा भुक्तानीका कार्यहरु समयमानै सम्पन्न गर्नु गराउनुहुन ।

### २. अनुदान रकम फिर्ता र हिसाब मिलान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २२ को उपदफा (१) बमोजिम संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई सशर्त, समपुरक र विशेष अनुदान वापत वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेमा सम्बन्धित प्रदेश तथा स्थानीय तहले उक्त रकम चालु आर्थिक वर्ष भित्रै संघीय सञ्चित कोष (सम्बन्धित खर्च खाता)

मा दाखिला गर्ने व्यवस्था मिलाउने। यसरी फिर्ता भएको रकमलाई अनिवार्य रूपमा असार मसान्तभित्रै CGAS/TSA मा निकासा घटाउने व्यवस्था गर्नु गराउनुहुन ।

**३. नगद मौज्दात र बैंक सञ्चालन समन्वय**

•विनियोजन, राजस्व, धरौटी र कार्यसञ्चालन कोषतर्फ आर्थिक वर्षको अन्त्यमा कुनै पनि नगद मौज्दात नराख्न कार्यालयहरूलाई स्पष्ट निर्देशन दिने र सोको प्रभावकारी अनुगमन गर्नु गराउनुहुन।

•नगदमा संकलन भएको रकम बैंकमा दाखिला गर्नका लागि स्थानीय आवश्यकता अनुसार आर्थिक वर्षको अन्तिम दिन सरकारी कारोबार गर्ने बैंकहरूसँग बेलुका अबेरसम्म बैंक खुला राख्न आवश्यक समन्वय गर्नुहुन।

•एकल खाता कोष (TSA) बाट जारी भएका राजस्व/धरौटी/विविध लगायतका चेकहरू आर्थिक वर्षको अन्त्यसम्म सटही हुने व्यवस्था मिलाउनुहुन।

**४. सामाजिक सुरक्षा रकम भुक्तानी व्यवस्थापन**

सामाजिक सुरक्षा बापतको रकम आ.व. २०८०।०८१ बाट सोझै लाभग्राहीको खातामा विद्युतीय भुक्तानी Electronic Fund Transfer (EFT) मार्फत हुदै आएको बेहोरा अवगत नै छ। सामाजिक सुरक्षा बापतको चौथो किस्ता रकम असार महिनामा लाभग्राहीको खातामा जम्मा गर्दा विद्युतीय प्रणालीहरु (CGAS, TSA, NCHL र बैंक) मा चाप (Load) पर्ने भएकाले देहायबमोजिम गर्नु/ गराउनुहुन ।

•सामाजिक सुरक्षा भत्ता बापतको रकम वि.स. २०८३ असार १५ गतेभित्र पूर्ण रूपमा भुक्तानी गरिसक्ने व्यवस्था मिलाउनु हुन।

•सामाजिक सुरक्षा भत्ताको गोश्वरा भौचर र भुक्तानी आदेश ज्यादै ठूलो हुने तथा VRS-MIS प्रणालीबाट विवरण पठाउँदा प्रणाली अवरुद्ध हुने सम्भावना रहने हुनाले, यी कार्यहरू कार्यालय समयको अत्यधिक चाप हुने समयमा नगरी कार्यालय समय अघि वा पछिको समय मिलाएर गर्ने। साथै चौथो त्रैमासिकको भुक्तानी पठाउनु पुर्व लाभग्राहीको खाता अनिवार्य रुपमा verification गरेर मात्र भुक्तानी आदेश पठाउन जानकारी गराउनु हुन ।

•CGAS/TSA मा Success भएको तर कुनै कारणवश लाभग्राहीको खातामा रकम जम्मा हुन नसकेको गुनासो आएमा, सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सम्बन्धित बैंकबाट उक्त रकम खर्च खातामा नै फिर्ता गर्ने व्यवस्था मिलाउनुहुन ।

५. समयमै भुक्तानी गर्ने व्यवस्था

•आर्थिक वर्षको अन्त्यमा मात्र भुक्तानी गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न भुक्तानी योग्य रकमहरू सम्भव भएसम्म असार २० गतेभित्रै भुक्तानी दिने व्यवस्था मिलाउनुहुन।

६. खाता लेखाङ्कन, वेमेल र हिसाव भिडान

•धरौटी, विविध र अन्य कोषहरूमा आम्दानी बाँध्न बाँकी रहेका रकमका साथै पेश्की फिर्ता/फिर्ता रकम बैंक दाखिला भई प्रणालीमा बाँकी देखिएका रकमलाई अनिवार्य रूपमा असार मसान्तभित्रै CGAS/TSA मा लेखाङ्कन गर्ने व्यवस्था हुन।

•FMIS को 'हिसाब भिडान/परीक्षण TAB' मा देखिने हिसाब परीक्षण (अनुसूची) र हिसाब परीक्षण (प्रतिवेदन) का रिपोर्टहरू हेरी त्यसमा देखिएका वेमेलहरू यसै आर्थिक वर्षभित्र मिलान गर्नु गराउनुहुन।

•आर्थिक वर्ष समाप्त भएको एक हप्ताभित्र विनियोजन, धरौटी र कार्यसञ्चालन कोषको अनिवार्य रूपमा Day Close लगायतका कार्य सम्पन्न गरी बैंकसँग हिसाब भिडान गर्नु गराउनुहु।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Purushottam Baral
baralptm@gmail.com

(पुरुषोत्तम बराल)
लेखा अधिकृत